नेपाल सरकार

# गृह मन्त्रालय

## (प्रहरी प्रधान कार्यालय, प्रहरी कल्याण कोष, नक्साल, काठमाण्डौ)

## राष्ट्रियस्तरको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।१०।०३ गते।**

१.प्रहरी प्रधान कार्यालय, प्रहरी कल्याण कोषद्वारा नक्साल, काठमाण्डौमा संचालित प्रहरी कल्याण कोष पेट्रोल पम्प, नक्सालको लागि आवश्यक तपसिलमा उल्लेखित सामानहरु खरिद गर्नुपर्ने भएकोले योग्य आपूर्तिकर्ताहरुले सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

| प्याकेज | बिवरण | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्रको मान्य अवधी | जमानत रकम |
|---|---|---|---|---|
| NPHQ/PWF/PPN/SQ/2078/2079 | Double Nozzle Fuel Dispensing Machine | रु १०००।- | ४५ दिन | रु.१६,६००।- |

२.लिखित निवेदनसाथ मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.ब.२०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा आ.ब.२०७७/०७८ मा कर बिवरण पेश गर्न म्याद थप गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (सबै प्रतिलिपीहरुको) पेश गरी प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा, नक्साल, काठमाण्डौबाट तोकिएको दस्तुर बुझाई १५ औं दिन सम्म (मिति २०७८।०९।१७ गते) कार्यालय समय भित्र दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ।

३.दरभाउपत्र दस्तुर फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंक, काठमाण्डौंमा प्रहरी कल्याण कोष नक्सालको नामको खाता नं. **११६०१००००१७८७००१** मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गरी दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ।

४.सिलबन्दी दरभाउपत्र पेश गर्दा तोकिए बमोजिमको जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंक, काठमाण्डौंमा प्रहरी कल्याण कोष नक्सालको नाममा रहेको प्रहरी कल्याण कोष धरौटी खाता नं. **११६०१००००१८४९००१** मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट सो रकम बराबरको यस कार्यालयको नाममा जारी भएको जमानत पेश गर्नु पर्नेछ। उक्त जमानतको समयावधी दरभाउपत्रको मान्य अवधीभन्दा ३० दिन बढीको हुनुपर्नेछ।

५.सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति **२०७८।१०।१८ को १२:००** बजे भित्र प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा, नक्साल, काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ (तोकिएको समय पश्चात आएको दरभाउपत्र अमान्य हुनेछ), दर्ता भएका दरभाउपत्र फारमहरु सोही दिनको १४:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधीहरु एवं दरभाउपत्र मूल्याङकन समितिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन। दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ।

६.आपुर्ति गरिने डिस्पेन्सिङ मेशिन नेपाल गुणस्तर तथा नापतौल विभाग वा अन्तर्गतका कार्यालयबाट ईजाजत प्राप्त बिक्रेताबाट नियमानुसार नेपाल पैठारी भएको हुनुपर्नेछ।

७.दरभाउपत्र कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८.दरभाउपत्र सम्बन्धी अन्य कुनैकुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नं.०१४४११२८३ तथा ई-मेल npwelfare@gmail.com मा वा प्रहरी कल्याण कोष पेट्रोल पम्प, नक्साल, काठमाण्डौमा समेत सम्पर्क गरी बुझ्न सकिनेछ।

**यो सूचना नेपाल प्रहरीको website : www.nepalpolice.gov.np मा समेत हेर्न सकिनेछ।**

प्र.

Scanned with CamScanner